बैठक नं २६

आज मिति २०८२।०६।२७ गते, सोमबार दिनको ११ बजेको समयमा उच्च सरकारी वकील कार्यालय, तुलसीपुरमा कार्यरत देहायका कर्मचारीहरुको उपस्थितिमा कार्यालयको काम कारबाही प्रभावकारी बनाउन कर्मचारी बैठक बसेर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

१. निमित्त सहन्यायाधिवक्ता नगेन्द्र लम्साल

२. सहायक न्यायाधिवक्ता टिकाकुमारी रोका (के.सी.)

३. सहायक न्यायाधिवक्ता मन्जु बुढाथोकी

४. लेखापाल कमला रावत

५. नायब सुब्बा किरणकुमार जैशी

६. नायब सुब्बा सुमनकुमार चौधरी

७. खरिदार जावन सिंह रामजाली

८. खरिदार सनि कक्रेल

९. हलुका सवारी चालक पर्शुनन्दन चौधरी

१०. कार्यालय सहयोगी बुद्धिराम चौधरी

११. कार्यालय सहयोगी रिता रिजाल

१२. कार्यालय सहयोगी महेश चौधरी

१३. कार्यालय सहयोगी दिपेश वली

<u>प्रस्तावहरु</u>

१ जलेका र हराएका मिसिलको खोजी र व्यवस्थापन ।

२ कार्यालय व्यवस्थापन सम्बन्धमा ।

३ कार्यालयको सुरक्षा व्यवस्थापन सम्बन्धमा ।

४ कार्यालयको सामान खरिदका लागि खरिद ईकाई गठन गर्ने सम्बन्धमा ।

५ कार्यालयको मर्मत सम्भार सम्बन्धमा ।

६ कार्यालय नजलेका मातहत कार्यालयसँग मेसिनरी सामान माग गर्ने सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं १: प्रस्ताव नं १ उपर छलफल गर्दा उच्च सरकारी वकील कार्यालय तुलसीपुरमा मिति २०८२।५।२४ गते अज्ञात समूहबाट तोडफोड, आगजनी र चोरी नोक्सानी हुँदा कार्यालय भवन, सवारी साधन, कार्यालयको भौतिक सामाग्री, मुद्दाका मिसिलहरु र महत्वपूर्ण कागजातहरु नष्ट भएको अवस्था छ। उच्च अदालत तुलसीपुरले मिति २०८२।६।२३ गतेको बार बेञ्चको वैठकबाट मिति २०८२।६।२६ गते आइतबारदेखि शुरु मुद्दा, रिट, निषेधाज्ञाको निवेदन, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनहरु दर्ता गर्ने र सुनुवाई गर्ने कार्यको प्रारम्भ भएको उच्च अदालत तुलसीपुरको चलानी नं १६ (नयाँ), मिति २०८२।६।२४ गतेको उच्च सरकारी वकील कार्यालय तुलसीपुरलाई प्राप्त पत्रमा उल्लेख छ। यस कार्यालयमा नष्ट हुनबाट बेचका चालू मिसिलहरु, उच्च अदालतबाट फैसला भएका मिसिलहरु, जलेका अन्तरकालिन निवेदन, रिट निवेदन र निषेधाज्ञा निवेदन सम्बन्धी मिसिलहरु, मातहत कार्यालयबाट पुनरावेदन कारबाही, मुद्दा नचलाउने कारबाही, अन्तरकालिन निवेदनका लागि प्राप्त मिसिलहरु, २०८२ असारदेखि प्राप्त भएका मिसिलहरु तथा यस कार्यालयबाट मातहत कार्यालयमा २०८२ असारदेखि सफल मुद्दा, पुनरावेदन नगर्ने अन्तिम निर्णय, मिलापत्र भई अन्तिम भएका मिसिल, मुद्दा चलाउने र नचलाउने अन्तिम निर्णय भई फिर्ता भएका मिसिलहरु, दोहोर्याई पाउँ निवेदन नगर्ने निर्णय गरी फिर्ता पठाएका मिसिलहरुको मातहत कार्यालयहरुसँग समन्वय गरी यकिन गर्ने र महान्यायाधिवक्ताको कार्यालयमा पठाएका मिसिलहरुको यकिन गरी जलेर र हराएर नष्ट भएका मिसिलहरु सहित मुद्दाका रजिष्टरहरुको नयाँ रेकर्ड र मिसिल व्यवस्थापन गरी नयाँ रेकर्ड व्यवस्थापन गर्ने निर्णय गरियो । मिसिल व्यवस्थापन गर्ने कार्यमा सहायक न्यायाधिवक्ता टिकाकुमारी रोका (के.सी.), सहायक न्यायाधिवक्ता मन्जु बुढाथोकी, नायव सुब्बा किरणकुमार जैशी र नायव सुब्बा सुमनकुमार चौधरीले मातहत कार्यालय र महान्यायाधिवक्ताको कार्यालयमा समन्वय गरी मुद्दाको मिसिल व्यवस्थापन गर्ने कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं २: प्रस्ताव नं २ उपर छलफल गर्दा कार्यालयको काम कारबाही प्रभावकारी बनाई कार्यालय व्यवस्थापन गर्ने सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालय र अन्य सरकारी निकायहरुसँग समन्वय र सहयोग माग गर्ने तथा कार्यालयका कर्मचारीहरुले प्रभावकारी रुपमा सम्पन्न गर्ने निर्णय गरियो । कार्यालयमा रहेका प्रशासनिक कागजातहरुको रेकर्ड दुरुस्त राख्ने तथा हराएका तथा जलेर नष्ट भएका कागजातहरुको खोजी गरी प्राप्त हुने अवस्था भए सम्म प्राप्त गरी कार्यालयको प्रशासनिक कागजातहरुको रेकर्ड व्यवस्थापन गर्ने निर्णय गरियो । लुम्बिनी प्रदेश सरकारबाट उच्च सरकारी वकील कार्यालय तुलसीपुरको कार्यालय व्यवस्थापनका लागि पाँच लाख रकम तथा तुलसीपुर उपमहानगरपालिकाबाट उच्च सरकारी वकील कार्यालय तुलसीपुरलाई २ वटा डेस्कटप कम्प्युटर, २ वटा प्रिन्टर, १ वटा स्क्यानर, २ वटा स्टिल

दराज, २ वटा रिभलभिङ कुर्सी र २ वटा प्लास्टिक कुर्सी उपलब्ध गराउनुका साथै तोडफोड र आगजनीबाट निस्केको कार्यालयको फोहोर व्यवस्थापन गर्ने कार्यमा सहयोग गरेकोमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो। यसैगरी मिति २०८२।५।२५ गते कार्यालयका जल्न र नष्ट हुन बाट बचेका मिसिलहरु, कार्यालयका कागजात र रजिष्ट्ररहरु व्यवस्थापनका लागि सशस्त्र प्रहरी बल बेस क्याम्प तुलसीपुरमा राखेर तथा कार्यालयको सरसफाईमा सशस्त्र प्रहरी टोलीले मिति २०८२।५।२९ र २०८२।५।३० गते दुई दिन सम्म निरन्तर सरसफाईमा खटिएर सहयोग गरेकोमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो । यसैगरी कार्यालयका केहि भौतिक सामाग्रीहरु र कागजात सुरक्षित राख्नका लागि मिति २०८२।५।२६ गते सार्ने काममा सेनाको श्री नं. १९ बाहिनी अड्डा, तुलसीपुर दाङले उच्च सरकारी वकील कार्यालय तुलसीपुरका कार्यालय प्रमुख निमित्त सहन्यायाधिवक्ता सहित कर्मचारीले लिएको भाडाको निवासमा सेनाको ट्रकमा सार्ने काममा सहयोग गरेकोमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो । यसैगरी आवश्यक सहयोग र समन्वय गर्ने प्रशासन, प्रहरी र अन्य सरकारी निकायलाई धन्यवाद दिने निर्णय गरियो । यसैगरी कठिन परिस्थितिमा कार्यालय व्यवस्थापनमा सरोकारवाला निकायसँग समन्वय गर्न, घटस्थापनाको दिन कार्यालय परिसरमा रहेको शोभा भगवती मन्दिरको पूर्जा अर्चना गर्ने कार्यमा सहभागी भई सहयोग, समन्वय र सुझाव प्रदान गर्ने तथा निरन्तर कार्यालयको हितैशीको रुपमा संलग्न हुनुभएका उच्च सरकारी वकील कार्यालय तुलसीपुरबाट सेवा निवृत्त हुनुभएका तुलसीपुर निवासी पूर्व सहायक न्यायाधिवक्ता श्री ढकबहादुर रावतलाई समेत धन्यवाद दिने निर्णय गरियो।

निर्णय नं ३: प्रस्ताव नं ३ उपर छलफल गर्दा उच्च सरकारी वकील कार्यालय तुलसीपुरबाट नेपाल सरकारको हक हित सरोकारको विषयमा प्रभावकारी प्रतिरक्षा गर्न, नेपाल सरकार वादी भएका मुद्दाको काम कारबाही प्रभावकारी बनाउन, सरकारी वकील र कर्मचारीको सुरक्षा, मुद्दाको मिसिलहरु र कार्यालयको भौतिक सामाग्रीहरुको सुरक्षाका लागि जिल्ला प्रशासन कार्यालय दाङ र जिल्ला प्रहरी कार्यालय दाङमा कार्यालयमा सुरक्षाकर्मी राख्ने व्यवस्थाका लागि पत्राचार र समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं ४: प्रस्ताव नं ४ उपर छलफल गर्दा उच्च सरकारी वकील कार्यालय तुलसीपुरलाई लुम्बिनी प्रदेश सरकारबाट कार्यालय व्यवस्थापनका लागि प्राप्त ५ लाख रकमबाट, कार्यालयको बजेट तथा अन्य स्रोतबाट रकम प्राप्त भएको अवस्थामा आर्थिक वर्ष २०८२।०८३ का लागि सहायक न्यायाधिवक्ता श्री टिकाकुमारी रोका (के.सी.) को संयोजकत्वमा, लेखापाल श्री कमला रावत र खरिदार श्री सनि कक्रेल रहेको तीन सदस्यीय सार्वजनिक खरिद इकाई गठन गर्ने निर्णय गरियो ।

निर्णय नं ५: प्रस्ताव नं ५ उपर छलफल गर्दा मिति २०८२।५।२४ गते अज्ञात समूहबाट आगजनी र तोडफोड गर्दा भवन नोक्सानी भएकोमा कार्यालयको भवनको मर्मत सम्भारका लागि श्री संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय दाङलाई चलानी नं ३२३, मिति

२०८२।६।२३ मा र श्री सहरी विकास तथा भवन कार्यालय, दाङलाई चलानी नं ३२२, मिति २०८२।६।२३ मा पत्राचार गरिएको थियो । श्री संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय दाङका प्राविधिकले कार्यालयको मुख्य भवनको दोस्रो र तेस्रो तलाको मर्मतका लागि र श्री सहरी विकास तथा भवन कार्यालय, दाङका प्राविधिकले ग्यारेज सहितको २ तले भवनको तथा कार्यालयको मुख्य भवनको मुख्य ढोका र सोधपुछ कक्षको मर्मत सम्भारको मिति २०८२।६।२६ गते कार्यालयमा आई इस्टिमेट गरेकोमा सम्बन्धित कार्यालय र सरोकारवाला निकायमा मर्मत सम्भारका लागि समन्वय गर्ने तथा कार्यालय पहिलो तला, कार्यालय प्रमुखको निवास चौथो तथा, कार्यालय परिसर, गेट, पर्खाल, कार्यालय हाता भित्र रहेका शोभा भगवती मन्दिर, शिव मन्दिर तथा कर्मचारीले निवासको रुपमा प्रयोग गरेको २ तले पुरानो भवन तोडफोड र आगजनीबाट जिर्ण अवस्थामा पुगेकाले कर्मचारीका लागि नयाँ निवास भवन निर्माण लगायत कार्यालयको भवन, भर्खाल, गेट, मन्दिर र कार्यालय परिसरको मर्मत सम्भारका लागि महान्यायाधिवक्ताको कार्यालय तथा सम्बन्धित सरकारी सरोकारवाला निकायमा समन्वय र पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं ६: प्रस्ताव नं ६ उपर छलफल गर्दा कार्यालयको मेसिनरी र फर्निचर सामाग्रीहरु जलेर र तोडफोड भएर नोक्सानी भएकाले कार्यालय संचालनमा समेत कठिनाई भइरहेको अवस्थामा कार्यालय नजलेका मातहत कार्यालयहरु जिल्ला सरकारी वकील कार्यालय प्युठान, रोल्पा र रुकुम पूर्वसँग तहाँ कार्यालयको बजेटबाट कार्यालयको काममा बाधा नपर्ने गरी प्रत्येक कार्यालयबाट एक थान कम्प्युटर वा फोटोकपी मेसिन र एक थान प्रिन्टर उच्च सरकारी वकील कार्यालय तुलसीपुरका लागि माग गर्ने निर्णय गरियो ।